**RESEARCH**

In view of very limited data available on clinical, therapeutic and clinical cardiology in the country, JMT in coordination with Cardiac Society of Nepal (CSN) has committed to encourage young researchers in the field of cardiology through establishment of an award. Hence, this year, Dr Rakesh Verma was awarded with ‘JMT Best Thesis Award’. In addition to that, NRs 100,000 will be provided to the winner and the thesis will be published in the Nepalese Heart Journal.



## CASE STUDIES

### Purna Bahadur Ghimire's Journey to Recovery

Purna Bahadur Ghimire, a 54-year-old resident of Shyangjha, Nepal, found himself grappling with the burdens of heart disease amidst financial instability. With a wife and two sons to support, his meager economic condition only added to his woes. Life took a daunting turn when Purna began experiencing heart pain, a situation worsened by the harsh reality that he lacked the financial means for a proper diagnosis.

Determined to seek help, he went for a routine checkup at the Western Regional Hospital in Pokhara. Little did he know that this decision would mark the turning point in his battle against heart disease.

The diagnosis revealed a dire situation: Purna was suffering from Acute Interior Wall Myocardial Infarction (MI), a severe form of heart attack requiring immediate medical attention.

Just when hope seemed elusive, a beacon of light emerged in the form of the Jayanti Memorial Trust. Recognizing the dire circumstances faced by Purna and his family, the Trust extended a lifeline of financial support, offering a glimmer of hope amidst the darkness. With the Trust's assistance, Purna was able to access the medical treatment he desperately needed to combat his condition.

The support provided by the Jayanti Memorial Trust proved to be nothing short of life-saving for Purna Bahadur Ghimire. With the financial burden alleviated, he underwent the necessary medical procedures and received the care essential for his recovery. The Trust not only provided financial assistance but also instilled in Purna a renewed sense of hope and gratitude.As Purna

embarked on his journey towards healing, he couldn't help but express his profound gratitude to the Jayanti Memorial Trust. Their timely intervention not only saved his life but also restored his faith in humanity. With a heart filled with gratitude, Purna vowed to cherish each moment and live his life to the fullest, knowing that he had been given a second chance at life, thanking to the support of the Trust.

शोभा कुमारी नेपाली



कास्की माछापुच्छे गाँउपालिका ३ बस्ने शोभा कुमारी नेपाली उमेरले ६८ वर्ष कि भईन् । उनका तीन छोरा एक छोरी र बुढाबुढी गरी पाँचजनाको परिवार छन् । एउटा छोरा बिदेश ,एउटाले काठको काम गरेर आफ्नो दैनिकी चलाईरहेका छन् । एउटा छोरा बिगद ३ वर्षदेखि कारागार जीवन बिताईरहेका छन् । शोभा र उनका श्रीमान एउटा छुट्टै घरमा बस्छन् । श्रीमान पनि अपाङ्ग छन् । सामान्य खेतीपातीको कमाईबाट आएको खर्चले उनीहरुको दैनिकी जसोतसो चलिरहेको थियो । शोभा बेलाबेलमा अस्वस्थ भैरहन्थिन आफै संचो भैहाल्छ भन्दै घरमै बसिरहन्थिन् । बिस्तारै उनको शरिर सुन्निएर गाह्रो हुन थालेपछि छोरी ज्वाईको सहयोगमा उनलाई उपचारको लागि पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान ल्याईयो । चार सन्तानकी आमा शोभा आफू अस्वस्थ हुँदा कोही नभएझैं भईन् । छोरबुहारीले आमाबुवालाई आर्थिक हेरबिचारमा मतलब नगरेपछि उनको सम्पूर्ण रेखदेख छोरी ज्वाईले गरिरहेका छन् । छोरीज्वाईको सहयोगमा उनको उपचार सूरु भयो ।उपचारको कममा उनलाई मुटुको समस्या (ADHF) देखियो ।डक्टरको सल्लाह अनुसार उनलाई केही दिन अस्पताल भर्ना गरेर उपचार गर्नुपर्ने देखियो । ज्वाईको पनि आम्दानीको स्रोत सामान्य काठको कामबाट आउने रकमले आफ्नो व्यवहार चलाउनु पर्ने ।
अव उपचार कसरी गर्ने समस्य श्रृजना भयो ।उनीहरुले उपचाररत डक्टरसँग आफ्नो समस्या सुनाए ।त्यसपछि तपाईहरु जस्तालाई सहयोग गर्ने सस्था जयन्ती छ भनेपछि उनीहरुमा केही आसा पलायो । अहिले सोभाको उपचार

प्रतिष्ठाको आर्थिक सहयोगमा सुरु भईरहेको छ । उनको बिभिन्न रगत जाँच मुटुको इको ,सिटी स्क्यान लगायतका जाँच प्रतिष्ठानको सहयोग गरियो । उनको स्वास्थ्य सामान्य हुँदै गएपनि अक्सिजन २४ घण्टानै लगाईरहनु पर्ने कुरा डक्टरको छ ।शोभासँग मेरो भेटमा जीवनप्रति निरासा छाईसकेको मभित्र बाँच्ने आसा जागेको बताउँदै प्रतिष्ठानको सहयोगप्रति आफू सधैँ ऋणी रहने बताउछिन् ।

जयन्ती स्मृति प्रतिष्ठानबाट शोभाको उपचारमा आर्थिक सहयोग = १२,०००/- (

मेडिकल वार्डमा भर्ना भएर उनको उपचार भैरहेको छ ।)

## मनुमति सुनार



मनुमति सु नार उमेरले ५५ वर्षकी भईन् । म्याग्दी तारकाम ५ स्थायी ठेगाना भई हाल पोखरा ६ मा बस्दै आएकी छिन् । मनुमतिका ४ छोरा २ छोरीकी आमा हुन उनी तर आफू अस्वस्थ हुँदा आज एक्लै भएकि छिन् ।चार छोरा मध्य एउटा बिदशमा काम गर्न गएको तर केही वर्षदखि सम्पर्कमै नआएको अर्को छोरा बितिस केको र कान्छो छोरा लागुपर्दाथ दुर्व्यस नीमा लागेर परिवारस ँग सम्पर्कमै नआएको मनुमतिको उपचारमा

सहयोग गर्दै आएका छिमेकी बिशाल राई भन्नुहुन्छ । एकजना छो रा आफ्नो परिवार लिएर भिभै बसे का छन् । दुई जना छारीहरुले बेला बेलामा केही स हयोग गर्ने गरेको बिशाल बताउँछन् ।मनुमतिका बुडा पनि खासै काम गर्न स क्दैनन् ।

बिशाल नाम जस्तै बिशाल मनका रहेछन् नाताले साथिको आमा पर्ने मनुमतिलाई घरको एउटा कुनामा बिरामीले गाह्रो पारेको देखेपछि उनले मनुमतिलाई उपचारको लागि पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा ल्याए । बिशाल आफैपनि शारिरिक रुपमा कमजोर छन् । करिब २ वर्ष पहिले घर पेन्टिङको कममा लाडेर ठुलो दुर्घटनाबाट बचेको र शरिरका बिभिन्न भागमा स्टिल राखेको उनी बताउछन् । आफू आर्थिक रुपमा कमजोर भएता पनि आमाको अवस्था देखेर सहयोग गर्न मनलाग्यो र अस्पताल ल्याएको बिशाल बताउँछन । आफूसँग भएको अलिअलि पैसाले मनुमतिको

उपचार सुरु भयो । उपचारको क्रममा मनुमतिलाई ADHF(Acute Decompensated Heart Failure) भएको तथा

एनजियोग्राम गर्नुपर्ने भयो बिशालले आफूसँग भएको अलिअलि पैसा मनुमतिका उपचारमा सकाईसकेका थिए । थप उपचार गर्ने पैसाको अभाव भएको कुरा डक्टरसँग विशालले सुनाए । त्यसपछि डाक्टरले तपाईजस्ता अफ्ठ्यारोमा परेकालाई सहयोग गर्ने संस्था जयन्ती स्मृति प्रतिष्ठान छ भन्दै सम्झाएपछि उनमा केही आँट आएको उनले बताए ।

थप उपचार प्रतिष्ठानको आर्थिक सहयोगमा मनमतिको उपचार सुरु भयो । मनुमतिको एनजियोग्राम लगायत बिभिन्न चेकजाँच गरियो । एनजियोग्रामपश्चात डाक्टरले मनुमति सुनारलाई Acute Extensive Anterolateral Wall STEMI Diagnosis गर्नुभयो । आई.सि.यू तथा मेडिकल वार्डमा भर्ना भएर उनको उपचार गरियो । केही दिनपछि उनको स्वास्थ्यमा सुधार भएपछि उनलाई डिस्चार्ज गरियो । डाक्टरले नियमित औषधि खानुपर्ने सल्लाह दिनुभएको छ । बिशालले मनुमतिलाई आफ्नै कोठामा राखेर रेखदेख गरिरहेका छन् । ६ सन्तानकी आमा मनुमति आज निसन्तानसरह भएकी छिन् ।शारिरिक र मानसिक रुपमा कमजोर बनेकी मनुमतिलाई बिशालको बिशाल मनको माया र सहयोगले बच्ने आस जगाएको छ । बिशाल आमाको उपचारमा सहयोग पाएकोमा आफू जयन्ती स्मृति प्रतिष्ठानप्रति सधैं आभारी रहने वताउँछन् ।